**जोरायल गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३ मितिः २०७९/०३/१०

## भाग-१

## जोरायल गाउँपालिका

# विनियोजन ऐन, २०७९

# जोरायल गाउँपालिकाको विनियोजन ऐन, २०७९

## आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** :

जोरायल गाउँपालिको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२९ (२) बमोजिम जोरायल गाउँपालिको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जोरायल गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७९ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७९/८० को निमित्त जोरायल गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५९,६६,१२,०००।० (अक्षेरुपी उनान्साठी करोड छयासठी लाख बाह्र हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने

गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। कुनै शीर्षक/कार्यक्रम आवश्यक नदेखिएको खण्डमा गाउँ सभाले सो शीर्षक वा कार्यक्रमलाई हटाई नयाँ कार्यक्रम थप गर्न सक्नेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम सभाको अधिकार सभाले कार्यपालिकालाई प्रत्यायोजन गर्न सक्नेछ।

अनुसूची - १

दफा २ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ९२,९३५।०० | १,७२,६२८।४० | ०।०० | २,६५,५६३।४० |
| २ | | वडा समित | ६,५६५।०० | २६,६४५।०० | ०।०० | ३३,२१०।०० |
| ३ | | विषयगत शाखा | २,९०,१३८।६० | ७,७००।०० | ०।०० | २,९७,८३८।६० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ५ | | लगानी (शेयर/ऋण) | ०।०० | ०।०० | ०।०० | ०।०० |
| जम्मा | | | ३,८९,६३८।६० | २,०६,९७३।४० | ०।०० | ५,९६,६१२।०० |

आज्ञाले,

नरेन्द्र सिंह ठगुन्ना

प्रमुख प्रशासकीय अधिकृत